
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क २४० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ भदौ २५ गते मंगलबार ❑ 10 Sept. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## बिपीको चिन्तन अनुसरण गरी कांग्रेसलाई थप सुदृढ बनाउनुपर्छ : सभापति देउवा

**पोखरापत्र संवाददाता**
पोखरा, २४ भदौं

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले पार्टीका संस्थापक नेता बिपी कोइरालाको दर्शन, सोच र चिन्तनलाई पूर्णरुपले अनुसरण गरी पार्टीलाई अझ बढी सुदृढ बनाउनुपर्ने बताउनुभएको छ ।

प्रथम जननिर्वाचित प्रधानमन्त्री बिपी कोइरालाको १११औं जन्मजयन्तीकाअवसरमाआजनेपाली लेखक सङ्घ काठमाडौं शाखाले बिपी सङ्ग्रहालय सुन्दरीजलमा आयोजना गरेको साहित्यिक महोत्सव उद्घाटन समारोहलाई सम्बोधन गर्नुहुँदै सभापति देउवाले बिपीले प्रजातन्त्रका लागि गर्नुभएको सङ्घर्षबाट पार्टीका नेता, कार्यकर्ता एवं शुभेच्छुकले प्रेरणा लिनुपर्ने बताउनुभयो ।

बिपीले प्रजातन्त्र स्थापना एवं पुनःस्थापना, नेपालको दिगो विकास र नेपाली साहित्यमा पुऱ्याउनु भएको योगदानलाई देशव्यापीरूपमा प्रचारप्रसार गरी कांग्रेसलाई थप सशक्त बनाउने अभियानमा लाग्न सभापति देउवाले पार्टीका नेता, कार्यकर्तालाई निर्देशन दिनुभयो । बिपी कोइरालाको राष्ट्रिय एकता तथा मेलमिलापको नीति अहिले पनि उत्तिकै सान्दर्भिक रहेको उल्लेख गर्नुहुँदै उहाँले कांग्रेसले सधैं सबै दलबीच मेलमिलापका लागि समन्वय गर्दै आएको बताउनुभयो ।

बिपी कोइरालाको जन्म १९७१ भदौ २४ गते भएको थियो । जहानियाँ राणा शासनको विरोधमा उहाँका पिता कृष्णप्रसाद कोइरालाले गरिब किसानले पहिरेको कपडा राणा प्रधानमन्त्री चन्द्रशमशेरलाई पार्सल गरी पठाएपछि कोइराला परिवार भारत निर्वासनमा जानुपरेको थियो । बिपी बाल्यावस्थादेखि नै नेपालमा प्रजातन्त्र स्थापनाका लागि सक्रिय रहनुभएको थियो । विसं २०१५ को आमनिर्वाचनमा कांग्रेसले दुई तिहाइ बहुमत प्राप्त गरेपछि प्रथम जननिर्वाचित प्रधानमन्त्री बन्नुभएका कोइरालाले नेपालमा राष्ट्रियता, प्रजातन्त्र र समाजवाद स्थापनाका लागि राजनीतिक नेतृत्व प्रदान गर्नुभयो । प्रधानमन्त्रित्वकालमा उहाँले बिर्ता उन्मूलन गरी 'जग्गा जोत्नेको हुनुपर्छ' भन्ने भूमिसुधार कार्यक्रम लागू गराउनुभयो ।

विसं २०१७ पुस १ गते शाही नेपाली सेनाको शक्तिका भरमा जननिर्वाचित सरकार अपदस्त गरिएपछि कोइरालालगायत नेतालाई सिंहदरबारमा बन्दी बनाइएको थियो । एक महिनापछि सेनाको सुन्दरीजल आर्सनलका प्रमुखको सरकारी निवासलाई वरिपरि पर्खालले घेरेर नेता कोइराला, संसद्का प्रथम सभामुख कृष्णप्रसाद भट्टराई, नेता गणेशमान सिंहलगायत मन्त्रीलाई सुन्दरीजल बन्दी गृहमा सारिएको थियो । विसं २०२५ मा स्वास्थ्यपरीक्षणका लागि जेल मुक्त हुनुभएका कोइरालाले आठ वर्षसम्म भारतमा निर्वासित जीवन बिताउनुभयो । भारतमा निर्वासित भएर प्रजातन्त्र पुनःस्थापनाका पक्षमा सङ्घर्ष गर्दा राष्ट्रियता कमजोर भएको विश्लेषण गरी आठ वटा ज्यान मुद्दाको पर्वाह नगरी उहाँ २०३३ पुस १६ गते राष्ट्रिय एकता तथा मेलमिलापको नीति लिई स्वदेश फर्कनुभयो । उहाँले अपनाएको मेलमिलापको नीति आज पनि मुलुकको राजनीतिमा उत्तिकै सान्दर्भिक मानिन्छ ।

मेलमिलापको नीति लिएर नेपाल फर्किएपछि नै बहुदल वा सुधारिएको पञ्चायत भन्ने विकल्पमा जनमत सङ्ग्रहको वातावरण बन्यो । धाँधली गरेर बहुदललाई हराएको भनी देशव्यापी गुनासो भए पनि बिपीले निर्वाचन परिणामलाई स्वीकार गर्नुभयो । क्यान्सर रोगबाट बिपीको २०३९ साउन ६ गते निधन भएको थियो । बिपीको निधनपछि कांग्रेस र यसका भ्रातृ एवं शुभेच्छुक संस्थाले साउन ६ गते स्मृति दिवस र भदौ २४ गते जन्मजयन्ती मनाउँदै आएका छन् । यसैगरी बिपीले राष्टिय एकता तथा मेलमिलापको नीति लिई २०३३ पुस १६ गते भारत निर्वासन त्यागी नेपाल फर्कनुभएको सम्झनामा मेलमिलाप दिवससमेत मनाउने गरिन्छ ।

## फेवातालको जलाधार क्षेत्रको दिगो व्यवस्थापनमा जोड

**पोखरापत्र संवाददाता**
पोखरा, २४ भदौं

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले फेवाताल र जलाधार क्षेत्रको दिगो व्यवस्थापनका लागि प्रभावकारी समन्वयमा जोड दिनुभएको छ ।

महानगरपालिकाको समन्वयमा अनुसन्धानात्मक संस्था इनोभेटिभ भिजन प्रा.लिले आयोजना गरेको 'फेवाताल र त्यसको जलाधार क्षेत्रको दिगो व्यवस्थापनका लागि पारिस्थिततिकीय सेवा शुल्क भुक्तानी संयन्त्र स्थापनाको लागि सरोकारवालाहरुको कार्यशाला' विषयक गोष्ठीलाई सम्बोधन गर्दै उहाँले यस्तो बताउनुभएको हो ।

'अनियन्त्रित मानवीय क्रियाकलापका कारण फेवाताल गेग्रयानहरुले भरिँदै गएको छ, माथिल्लो तटीय क्षेत्र र यसका जलाधार क्षेत्रहरूबाट बगेर आउने गेग्र्यान तालमा थुप्रिएका छन्, नगर प्रमुख आचार्यले भन्नुभयो, यी अनियन्त्रित मानवीय क्रियाकलापका परिणामहरू हुन्, यसलाई समयमा नै रोक्न सकिएन र सबै सरोकारवालाहरू बिच आवश्यक समन्वय हुन सकेन भने भविष्यमा आउन सक्ने गम्भीर वातावरणीय जोखिमको सामना गर्नु पर्ने हुन्छा' फेवातालको संरक्षण भविष्यको पुस्ताका लागि पनि महत्त्वपूर्ण हुने भन्दै उहाँले यसमा चनाखो बन्न सबै पक्षलाई आह्वान समेत गर्नुभयो । फेवातालको



संरक्षणका लागि तल्लो तटीय क्षेत्रले माथिल्लो तटीय क्षेत्रको समग्र वातावरण संरक्षण र जीविकोपार्जन लगायत क्षेत्रमा योगदान गर्नु पर्ने उहाँले बताउनुभयो । 'फेवाताल देखाएर माथिल्लो जलाधार क्षेत्रमा बसोबास गरिरहेका बासिन्दाहरूलाई विभिन्न किसिमका अङ्कुशहरू लगाउने अनि त्यसको फाइदा सधैभरी तल्लो तटीय क्षेत्रले मात्र लिने कुरा प्राकृतिक न्यायको सिद्धान्तका हिसाबले पनि मिलेको छैन, उहाँले भन्नुभयो, अव यसको व्यवस्थापनका लागि पारिस्थितिकीय सेवा शुल्क भुक्तानीको बलियो संयन्त्र स्थापना गरी सन्तुलन कायम गर्नै पर्दछा' यसो गर्न सके मात्र फेवातालको संरक्षण र विकासको दायित्व सवैपक्षमा बढ्ने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

फेवातालमा बर्सेनि बगेर आउने ठुलो मात्राको गेग्र्यान रोक्नका लागि तालको माथिल्लो क्षेत्रमा मड ड्याम निर्माण गर्ने योजनामा महानगरपालिका रहेको उहाँले बताउनुभयो । यसअघि फेवातालमा मिसिने विभिन्न खोलाहरूमा निर्माण गरिएका शिल्टेसन तथा चेक ड्यामहरूले समेत फेवातालमा आउने गेग्रयानहरुलाई रोक्न मद्दत गरेको उहाँले बताउनुभयो ।

फेवाताल र त्यसको जलाधार क्षेत्रको दिगो व्यवस्थापनका लागि पारिस्थिततिकीय सेवा शुल्क भुक्तानी संयन्त्र स्थापनाको औचित्यका विषयमा अध्ययन टोलीका नेता केशव खनाल, फेवातालमा पारिस्थिततिकीय सेवा शुल्क भुक्तानीका क्षेत्रमा यसअघि भएका प्रयासहरूको बारेमा दिल बहादुर भट्टराईले आफ्नो प्रस्तुति राख्नु भएको थियो । कार्यक्रममा रुपातालमा तयार पारिएको पारिस्थिततिकीय सेवा शुल्क भुक्तानी संयन्त्रको बारेमा समेत प्रस्तुत गरिएको थियो ।कार्यक्रमका सहभागीहरूले फेवातालको संरक्षणका लागि

बाँकी अन्तिम पृष्ठमा ▶▶

## सकियो ठेक्का अवधि, ३० प्रतिशत प्रगति

**पोखरापत्र संवाददाता**
पोखरा, २४ भदौं

पर्यटकीय राजधानी पोखरा जोड्ने मुख्य सडकमार्ग विस्तार तथा स्तरोन्नति सुस्तगतिमा भइरहेको छ ।

पोखरा-मुग्लिन सडक आयोजनाको पश्चिम (पोखरा-जामुने) खण्डमा हालसम्म ३० प्रतिशत भौतिक प्रगति भएको आयोजनाका इञ्जिनियर नारायण पौडेलले जानकारी दिनुभयो । उक्त खण्डमा २०७८ भदौदेखि काम सुरु भएको थियो ।

तीन वर्षको सम्झौता अवधि सकिँदा आधा पनि काम नभएपछि पुनः एक सय एक दिनका लागि ठेक्काको म्याद थप भएको इञ्जिनियर पौडेलले बताउनुभयो । चिनियाँ निर्माण कम्पनी यनहुई काइयुयान हाइवे एण्ड ब्रिज कन्सट्रक्सनलले रु सात अर्ब ४० करोड ४६ लाखमा पश्चिम खण्ड निर्माणको जिम्मा लिएको हो । "पूर्वी खण्डभन्दा ६ महिनापछि पश्चिम खण्डको काम सुरु भएको हो", उहाँले भन्नुभयो, "पश्चिमतर्फ बढी सहरी क्षेत्र रहेको र सडकको अधिकार क्षेत्रभित्रका संरचना, विद्युत् पोल, खानेपानीका पूर्वाधार समयमा व्यवस्थापन हुन नसक्दा सडक विस्तारमा ढिलाइ भएको हो ।"

इञ्जिनियर पौडेलका अनुसार पश्चिम खण्डको ३८ दशमलव ८८ किमि दूरीमध्ये हालसम्म २१ किलोमिटर दुई लेन सडक कालोपत्र भइसकेको छ । त्यसमध्ये चार किमिमा चार लेन सडक कालोपत्र गरिएको छ । सडक विस्तारसँगै पुल, कल्भर्ट, नालीलगायत पूर्वाधार निर्माणको काम पनि भइरहेको इञ्जिनियर पौडेलले बताउनुभयो । साना-ठूला गरी पश्चिम खण्डमा पर्ने १२ वटामध्ये नौ वटा सडक पुल निर्माणको अन्तिम चरणमा रहेको उहाँको भनाइ छ । सडक मापदण्डभित्र पर्ने घरटहरा हटाउने र मुआब्जा दिने काम पनि करिब सकिएको उहाँले बताउनुभयो ।

"बाँकी रहेका घरटहराको पनि मुआब्जा प्राप्तिका लागि प्रक्रिया अगाडि बढिसकेको छ, मुआब्जा नपाएका कारण काममा अवरोध हुने अवस्था छैन", इञ्जिनियर पौडेलले भन्नुभयो, "अझै केही ठाउँमा विद्युत् पोल र खानेपानीका पूर्वाधार हटाउन बाँकी छ ।" वर्षायाम सकिन लागेकाले अब कामले गति लिने आयोजना कार्यालयले जनाएको छ । निर्माण कम्पनीले यो वर्षभित्र आयोजनाको भौतिक प्रगति ७० प्रतिशत पुऱ्याउने लक्ष्य लिएको छ । पश्चिमतर्फ तनहुँको थर्पु र तुरतुरे, कास्कीको तल्लो गगनगौंडालगायत खण्डमा कालोपत्र भइसकेको छ । पश्चिम खण्डअन्तर्गत तनहुँको जामुनेदेखि पोखराको सेती पुलसम्मको आधा सडक छ लेन र आधाजति चार लेनको बन्ने इञ्जिनियर पौडेलले जानकारी दिनुभयो । पश्चिम खण्डमा १२ वटा पक्की पुल र सयको हाराहारीमा कल्भर्ट बनिरहेका छन् । सोही खण्डअन्तर्गत पोखराको सेती नदीमा 'सिग्नेचर' पुल अहिले निर्माणाधीन अवस्थामा छ । 'केबल-स्टेड' प्रविधिको उक्त पुलको निर्माण

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

## 'नेपाली कांग्रेसले बिपीको बाटो भुल्न नहुने'

**पोखरापत्र संवाददाता**
दमौली, २४ भदौं

नेपाली कांग्रेसका केन्द्रीय सदस्य गोविन्द भट्टराईले पार्टीले बिपीको बाटो भुल्न नहुने बताउनुभएको छ ।

सोमबार १११औं बिपी जयन्तीको अवसरमा नेपाली कांग्रेस तनहुँद्वारा प्रकाशित बुलेटिन सार्वजनिक गर्दै उहाँले बिपीले देखाएको बाटो अवलम्बन गरेर अगाडी बढ्न सकेमात्र कांग्रेसको भलो हुने बताउनुभएको हो ।

देशमा भएका विकृति र विसङ्गतिको अन्त्य गर्दै समृद्ध मुलुक निर्माण गर्ने अभिभार ासहित दुई ठूला दल मिलेर



सरकार बनेको उहाँको भनाइ थियो । पार्टीका गतिविधिहरुको सूचना प्रवाह गर्न र पार्टीलाई वैचारिक रुपमा सशक्त एवं साङ्गठनिक रुपमा चुस्त, प्रभावकारी तुल्याउने उद्देश्यले पार्टीले बिपी जयन्तीको अवसरमा बुलेटिन प्रकाशन गरेको हो । केन्द्रीय सदस्य भट्टराईले उक्त बुलेटिनको विमोचन गर्नुभएको थियो । बुलेटिनमा बिपी कोइरालाले विसं २०३६ मा दमौलीमा गर्नुभएको भाषण, विसं २००७, २०१८, २०४६ र सशस्त्र द्वन्द्वकालका तनहुँ सहिदहरुको चिनारी, नेपाली काङ्ग्रेस तनहुँका केही प्रजातन्त्र सेनानी र अग्रजहरुको चिनारी, सशस्त्र द्वन्द्वकालका पीडितको विवरण र नेपाली कांग्रेस तनहुँका गतिविधि समेटिएको पार्टीका जिल्ला सचिव लक्ष्मीभक्त खनालले जानकारी दिनुभयो ।

सोही कार्यक्रममा पञ्चायतकालमा कांग्रेस तनहुँको हितमा योगदान गर्ने २२ जनालाई सम्मान गरिएको थियो । कांग्रेसका पूर्व जिल्ला सभापति बैकुण्ठ न्यौपाने, रघुनाथ पौडेल, प्रदेशसभा सदस्य अशोककुमार श्रेष्ठ, पूर्वमन्त्री डोवाटे विक लगायतले बिपीको योगदान बारे चर्चा गर्नुभएको थियो ।

# चुमनुब्री गापाले तोकेको पर्यटन शुल्क खारेज गर्न टान गण्डकीको माग

**पोखरापत्र संवाददाता**
पोखरा, २४ भदौं

स्थानिय तहहरुले आफूखुशी पर्यटन शुल्क तोक्न थालेकोप्रति ट्रेकिङ एजेन्सिज एशोसियसन अफ नेपाल (टान) गण्डकीले आपत्ति जनाएको छ । केहिअघि कास्कीको माछापुच्छ्रे गाउँपालिकाले पर्यटन शुल्क तोकेको थियो ।

गाउँपालिका प्रवेशका लागि विदेशी पर्यटकलाई ५ सय र स्वदेशी पर्यटकलाई १ सय रुपैयाँ तोकेपनि विरोध भएपछि फिर्ता भएको थियो । तर फेरी गोरखाको चुमनुब्री गाउँपालिकाले पर्यटन शुल्क तोकेपछि टान गण्डकीले आपत्ति जनाएको हो । चुमनुब्री गाउँपालिकाले गाउँपालिका प्रवेशका लागि विदेशी पर्यटकलाई १ हजार र स्वदेशी पर्यटकलाई २ सय रुपैयाँ तोकेको छ । स्थानिय तहले आफूखुशी पर्यटन शुल्क तोक्दै जाने हो भने यहाँको पर्यटक अन्तै डाईभर्ट हुने खतरा रहेको टान गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले बताए । पदयात्रा पर्यटन हुने १३ वटा पालिकाहरु छन्,उनले भने,'



यसरी एकपछि अर्को पालिकाले पर्यटन शुल्क लिने हो भने यहाँ पर्यटकहरु आउँदैनन् । यहाँ आउने पर्यटकहरु अन्तै डाईभर्ट हुने खतरा हुन्छ ।' १३ वटा गाउँपालिकाले १/१ हजार तथा टिम्सवापत ५ हजार गरेर कुल १८ हजार थप तिरेर पर्यटक नआउने टान गण्डकीको बुझाई रहेको उनले बताए ।

पर्यटनको सिजनको मुखमा पर्यटन शुल्क तोक्दा यसले समग्र पर्यटनमा असर पार्ने टान गण्डकीका निवर्तमान अध्यक्ष धर्मराज पन्थीले बताए । यसले गर्दा आउने मुड बनाएका पर्यटकपनि नआउने उनको भनाई छ । उनले कोभिडपछि थलिएको पर्यटनलाई उकास्न हातेमालो गर्नुपर्नेमा उल्टै पर्यटन शुल्क तोकेर व्यवसायीलाई निराश पार्ने काम गरेको टिप्पणी गरे ।

टान गण्डकीले पर्यटन शुल्क तोक्ने निर्णय फिर्ता लिन माग गरेको छ । टान गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले भने,'निर्णय सच्चिनु पर्छ । यदि सच्चिएन भने यसले पर्यटनमा नराम्रो धक्का दिन्छ ।' पर्यटनको राजधानी भन्ने अनि पर्यटक आउने वातावरण बनाउनुको सट्टा झन् खर्चिलो र बोझिलो बनाउने हो भने त्यसको असर पर्यटनमा पर्ने भन्दै उनले निर्णय तत्काल सच्याउन आग्रह गरे । यसैबीच, टान गण्डकीले पर्यटन शुल्क तोक्ने निर्णय खारेजीका लागि पहल गरिदिनि गण्डकी प्रदेश सरकारको ध्यानाकर्षण गराएको छ ।

टान गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यसहितको टोलीले सोमबार गण्डकी प्रदेशका उद्योग तथा पर्यटन मन्त्री मित्रलाल बस्याललाई भेटेर ध्यानाकर्षण पत्र बुझाएको हो । ध्यानाकर्षण पत्रमा पर्यटन शुल्क खारेज गर्न, पर्यटन गतिविधि बढाउने कार्यक्रम गर्न, प्रवर्द्धनमा जोड दिन आग्रह गरिएको छ ।

ध्यानाकर्षण पत्र बुझ्दै मन्त्री बस्यालले कोभिडपछि थलिएको पर्यटनलाई उकास्ने समय भएकाले अहिले हतारिएर पर्यटन शुल्क तोक्न नहुने बताए । उनले सम्बन्धित गाउँपालिकामा बुझेर सो शुल्क फिर्ताका लागि पहल गर्ने आस्वासन दिए । कोभिडका कारण व्यवसाय खत्तम अवस्थामा छ,उनले भने,'यस्तो बेला पर्यटनमा सपोर्ट गर्ने कार्यक्रम ल्याउनुको सट्टा झन् समस्या पर्ने निर्णय गर्नु ठीक होईन । अहिले पर्यटन शुल्क भनेर लिने बेला नै होईन । यसमा मेरो ध्यानाकर्षण भयो । म बुझेर सच्याउन पहल गर्छु ।'



फेवाताल र लेकसाइडको दृश्य : पोखरा महानगरपालिका वडा नं १८ सराङकोटबाट देखिएको फेवाताल र लेकसाइडको दृश्य । लगातार परेको वर्षाका कारण मौसम अझै सुधार हुन सकेको छैन । तस्वीर : रासस

# विदेश जाने सोचलाई त्यागी नाना शाहीले खोलिन स्केट पार्क

**पोखरापत्र संवाददाता**
पोखरा, २४ भदौं

यहीँ हुर्केर, यहींको शिक्षा, संस्कार, र संस्कृतिमा बुझी चिनी पानी झै घुलमिल भएका म जस्ता सयौ युवतिहरु मनमा म नेपालमा बँसु कि विदेशमा जाउँ भनि अन्तरनिहित संचार चलिरहन्छ । अझ हरेकको मनमा स्वदेशमै संघर्ष गर्ने कि विदेशको सुनौलो सपना पछ्याउने? यस्तै प्रश्नहरू त रातदिन मनमा उठ्छन् नै । कतिपय साथीहरू विदेशमा जीवनलाई सहज बनाएको देख्दा विहान उठ्यो विदेश जाने सोच, दिउँसो खाजा खान थाल्यो विदेश जाने सोच । अझ वेलुका सुत्ने वेला भयो विदेश जाने सोच । जति खेर पनि विदेश जाने सोच मुटु सरी चल्न थाल्यो । मुटुको ढुक ढुकीमा दिमाग चल्न थाल्यो पोखरा महानगरपालिका वडा १४ स्थित कैलाश टोल निवासी नाना शाहीको । तर सँगसँगै श्रीमानको माया र आफन्तको प्रेमले अलमल पनि थिइन् शाही । अलमले समयमा अमेजन डेप्लोपर्स प्रालि. र अलि हाइड्रो एन इन्जिनियर प्रालिका संचालक तथा नाना कि श्रीमान रविन शाहीले मैले दुई वटा व्यवसाय सुरु गरेको छु तिमी पनि यहीं केही गर्नु पर्छ भन्ने शव्दले नानालाई कता कता मन छुन थाल्यो । नानाको दिमागमा एक महिना पहिला स्केट व्यवसायको वारे दिमागमा हुरी पनि चलेको थियो । तर उता लेकसाइड घुम्न जाँदा श्रीमान रविनले डिजी ल्यान्डमा बाबु नानी स्केट



खेलेको देखेर श्रीमती नानाई पनि यही व्यवसाय गर्ने संकल्प गरे । हाइड्रो मेकानिकल क्वालिटी कन्ट्रोल रविनले विदेश जाने सोच लिएकी श्रीमतीलाई स्वदेशमा व्यवसाय खोलीदिएकोमा धेरै खुशी देखिन्छन् ।

परिवारको छलफल पछि बागलुङ नगरपालिका गलकोट १० घर भई शाही परिवार केही समय देखी पोखरा-१४ बस्दै आएका छन् । उनै नाना शाहीले पोखरा महानगरपालिका वडा नं १३ स्थित सिग्देल मार्गमा एन आर एन शाही स्केट पार्क नाममा व्यवसाय सुरु गरेकी छिन् । नर्सिङ अध्ययन गरेकी नाना मुख्य जिम्मेवारी लिएर पार्क समालेकि छिन् । विहान ७ वजे देखी वेलुका ८ बजेसम्म खोलीने पार्कमा जीवन नै सुम्पेका रविनले समय मिले सम्म हरेक दिन पार्कमा आएर सहयोग गर्ने भने । अन्दाजी ३० देखी ४० लाखको लगानीमा बनेको पार्क निर्माण गर्दा श्रीमानको प्रालिवाट निस्केको सरसामनले निर्माणमा ठूलो सहयोग पुगेको पार्ककी प्रमुख नानाले पोखरापत्रलाई वताईन । जागिर गर्दा पनि ८ घण्टा समय दिनु पर्ने हुँदा आफ्नो व्यवसाय गर्दा धेरै सजिलो भएको शाहीले भनिन् । पार्कमा १२ वर्ष उमेर सम्मका लागि अभिभावकले हेर्नु पर्ने र अन्य उमेर समुहले पनि खेलमा आफ्नो जिम्मा आँफै लिनु पर्ने भनी सूचना बोर्डमा लेखीएको पार्क कि प्रमुख नानाले भनिन् । २२ महिनाको छोरी लिएर व्यवसयमा आएकी नानाले दुई वर्ष देखी ६ वर्ष उमेर पुगेका बाबु नानीलाई खेल्न कार र मोटरसाइकल राखिएको जानकारी दिइन् । सोही पार्कको आइतवार वडा नं १३ का वडा अध्यक्ष किरण वरालले उद्घाटन गर्दै विदेश नगई स्वदेशमा गर्नु भएको व्यवसायलाई वडाको तर्फवाट सदैव सहयोग गर्न तयार रहेको भने । समाजसेवी कृष्ण कुमारी श्रीशले साहित्यमय शव्दमा चलाएको कार्यक्रममा समाजसेवी द्धय माधवप्रसाद सिग्देल र गोविन्दप्रसाद सिग्देलले पार्क व्यवसायलाई सफलताको शुभकामना दिए ।

# सकियो ...

ठेक्का रसुवा कन्स्ट्रक्सनले लिएको छ । भ्याटबाहेक रु ९४ करोडको ठेक्कामा आकर्षक पुल बन्न लागेको हो । कुल ८१ किमि दुरीको पोखरा-मुग्लिन सडक एसियाली विकास बैंकको अनुदान सहयोगमा विस्तार तथा स्तरोन्नतिको काम भइरहेको छ । आयोजनाको पूर्वी सडक खण्ड (जामुने-मुग्लिन) मा हालसम्म भौतिक प्रगति ६६ प्रतिशत पुगेको पूर्वी खण्डका इञ्जिनियर एवं सूचना अधिकारी विष्णुप्रसाद पाण्डेले जानकारी दिनुभयो । उक्त खण्डमा पर्ने १७ साना-ठूला पक्की पुलमध्ये १४ वटा बनिसकेका र तीनवटा निर्माणाधीन अवस्थामा रहेको उहाँको भनाइ छ । मादीमा बन्ने 'सिग्नेचर' पुल भने छुट्टै ठेक्कामार्फत निर्माण भइरहेको इञ्जिनियर पाण्डेले बताउनुभयो ।

कोभिड महामारीलगायत कारणले सुरुको चरणमा केही ढिलाइ भए पनि पछिल्लो समय पूर्वी खण्डको कामले गति लिएको उहाँको भनाइ छ । कालोपत्रका लागि बेस हाल्नेदेखि, कल्भर्ट, नाली, पर्खाललगायत पूर्वाधार तयारीका काम धमाधम भइरहेको इञ्जिनियर पाण्डेले बताउनुभयो । ४१ दसमलव ४५ किमिको पूर्वी खण्डमा विसं २०७८ वैशाखदेखि निर्माण कम्पनी चाइना कम्युनिकेसन कन्स्ट्रक्सनले काम सुरु गरेको थियो । पूर्वी खण्डमा पर्ने तनहुँको दमौली र डुम्रे बजारमा छ लेन र बाँकी खण्डमा चार लेनको सडक बन्ने आयोजना कार्यालयले जनाएको छ । निर्माण कम्पनीले रु छ अर्ब २१ करोड ३१ लाखमा उक्त खण्डको ठेक्का लिएको हो ।

निर्माणमा ढिलाइ हुँदा प्रदेश राजधानी पोखरा छिर्ने मुख्य सडकको यात्रामा सर्वसाधारणले सास्ती खेप्न बाध्य छन् । घाम लाग्दा सडक धुलाम्मे र वर्षात्मा हिलाम्मे हुँदा यातायात सञ्चालनमा कठिनाई निम्तने गरेको छ । सडक निर्माण सुस्त भएपछि पोखराका पर्यटन व्यवसायीलगायतले पटकपटक सरकार र सम्बन्धित निकायमा काम छिटो सक्न दबाब दिँदै आएका छन् । पोखरा-मुग्निल सडक स्तरीय नहुँदा पोखरा र आसपासको पर्यटन क्षेत्र मारमा परेको पोखराका पर्यटन व्यवसायीको गुनासो छ ।

# समयमा नै रिजल्ट आउने गरि काम गर्न कर्मचारीलाई मन्त्री थापाको निर्देशन

**पोखरापत्र संवाददाता**
पोखरा, २४ भदौं

गण्डकी प्रदेश सरकारका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दु कुमार थापाले समयमा नै रिजल्ट आउने गरि काम गर्न कर्मचारीलाई निर्देशन दिएका छन् ।

सोमबार पर्वत जिल्लाको कुश्मामा मन्त्रालयले आयोजना गरेको अभिमुखीकरण कार्यक्रममा उनले मन्त्रालय मातहतका कार्यालयहरुलाई समयमा नै सम्झौता गर्ने र समयमा नै काम सम्पन्न गर्ने गरी अगाडि बढ्न निर्देशन दिएका हुन् । उनले प्रदेशले प्राप्त गरेको स्रोत साधनलाई उपयोग गरि नागरिकलाई सहज र सरल रुपमा सेवा प्रवाह गर्न समेत भनेका छन् । आर्थिक वर्ष २०८१/८२ को बजेट कार्यन्वयन गर्न सहज होस भन्ने उद्देश्यले आयोजना गरिएको अभिमुखीकरण कार्यक्रमले मन्त्रालयको कामकाजमा गति बढाउने विश्वास मन्त्री थापाको



छ । तीनै तहको सरकार मिलेर नै विकास सम्भव भएकाले एक्लै गन्तव्यमा पुग्न गाह्रो पर्ने उनले उल्लेख गरे । मन्त्रालयले यसपटक शिक्षा, सामाजिक विकास, युवा तथा खेलकुदको क्षेत्रमा महत्वपूर्ण काम गर्ने गरि आफ्ना क्रियाकलाप तय गरेको भनाई उनको छ । व्यवहारिक शिक्षा विद्यार्थीका लागि आवश्यक भएको बताउँदै मन्त्री थापाले अभिभावक, शिक्षक र विद्यार्थीका लागि छुट्टाछुट्टै कार्यक्रम तय भएको बताए । मन्त्रालयका सचिव प्रकाश पौडेलले विद्यार्थीको रुची अनुसारको पाठ्यक्रम पढाउन आवश्यक रहेको बताए । शिक्षाको जग स्थानीय तह नै भएकाले समन्वय र सहकार्यका आधारमा अगाडि बढ्न आवश्यक रहेको भनाई उनको छ । एक्लाएक्लै हिँडेर संघीयताको मर्मानुसार काम नहुने उनले उल्लेख गरे ।

नागरिकको घरदैलोमा नै सरकार आएको आभाष दिलाउने गरि काम गर्न उनको निर्देशन छ । तीन दिन सम्म चल्ने कार्यक्रममा शिक्षा विकास तथा समन्वय इकाई, कास्की, पर्वत, स्याङ्जा, म्याग्दी, बाग्लुङ र मुस्ताङको सामाजिक विकास कार्यालय र स्थानीय तहको सहभागिता छ ।

# फेवातालको ...

प्रभावकारी पारिस्थितिकीय सेवा शुल्क भुक्तानी संयन्त्र स्थापनामा जोड दिएका छन्। सरोकारवाला पक्षहरूले यस प्रकार संयन्त्रको स्थापना भए पारिस्थितिकीय प्रणालीको सन्तुलन कायम गर्न सकिने बताएका छन् । पर्यावरणको संरक्षण र वातावरणीय सन्तुलनले मात्र फेवातालको भविष्यलाई दिगो बनाउन सकिने उनीहरूको तर्क छ । वातावरण जोखिम विश्लेषण विना निर्माण गरिएका ग्रामीण सडकहरू, परम्परागत कृषि प्रणाली, अव्यवस्थित विकास निर्माण, बढ्दो प्रदूषण, जलकुम्भी लगायतका मिचाहा प्रजातिको विकास, जलाधार क्षेत्रको संरक्षण अभाव लगायत कारण फेवाताल पुरिँदै गएको विभिन्न अध्ययनहरूले देखाएका छन् ।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :

» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

### सुक्तिसुधा

गीता एक महान धर्मकाण्ड हो। मेरो विचारमा त सबै धर्म त्यसमै छ। – गान्धीका नैतिक सिद्धान्त

## सम्पादकीय

# सरकारको कामलाई प्रभावकारी बनाऊ

नयाँ गठबन्धन सरकार बनेको दुई महिना पुग्न लाग्दा बलल सत्तारूढ दलहरूले संविधान संशोधनका लागि बृहत् छलफल गर्ने समझदारी गरेका छन् । कांग्रेस-एमालेबीच असार तेस्रो साता भएको सात बुँदे सहमतिअनुसार संविधान संशोधन गर्न प्रमुख राजनीतिक दल र सम्बन्धित पक्षसँग छलफल गरेर मात्रै अघि बढाउने दलहरूबीच समझदारी भएको हो । सोमबार प्रधानमन्त्री निवास बालुवाटारमा बसेको सत्तासीन कांग्रेस र एमाले तथा सरकारलाई समर्थन गर्ने दलहरूसमेतको बैठकले संविधान संशोधनलाई प्राथमिकतामा राखेर छलफल गरेको छ। संविधान संशोधनको विषयलाई लिएर सरकार र विपक्षी दलको बुझाइ फरक छ। सत्तारूढ काङ्ग्रेस र एमाले ब्यवहारिक अप्ठ्यारो हटाउन र राजनीतिक स्थिरताका लागि संशोधन गर्ने भनाइ छाविपक्षी नेकपा माओवादी केन्द्र भने प्राप्त उपलब्धि उल्ट्याउन खोजेको आरोप लगाउँदै आएको छ।

सत्तारुढ दलको बैठकमा 'संविधान संशाधेन गर्न सबै दलसँग बृहत् छलफल गर्ने कुरा भएको छ। सबै दलको विचार विमर्श बुझेर संविधान संशोधनको विषयलाई निष्कर्षमा पुऱ्याउन बैठक केन्द्रीत रहेको र असन्तुष्टिलाई सम्बोधन गरी अझै राम्रो संविधान बनाउनुपर्छ भन्ने मत छ । सरकारलाई बलियो र कामकारबाही प्रभावकारी बनाउन प्रधानमन्त्री केपी शर्मा ओली, कांग्रेस सभापति शेरबहादुर देउवाको जोड छ । प्रतिपक्ष दलहरु माओवादी केन्द्र र राष्ट्रिय स्वतन्त्र पार्टीका नेताले सरकारको चर्को आलोचना गरिरहेका बेला सत्तारुढ दलले सरकारका कामकारबाहीलाई प्रभावकारी बनाउने निष्कर्ष निकालेका छन । 'सरकारलाई बलियो र प्रभावकारी बनाउन सके जनविश्वास बढ्छासरकारप्रति जनविश्वास बढ्दै गएमा प्रतिपक्ष पनि संशोधनका लागि खुला हुन सक्छासंविधान जारी गर्ने बेलाको अवस्थालाई ध्यान दिन सकेमा सहमतिको वातावरण बन्दै जानेछ।

सरकार र संसद्को कामलाई प्रभावकारी, सन्तुलित, व्यवस्थित ढंगबाट अघि बढाउन सक्नुपर्छ । सरकारका समग्र काम प्रक्रियाहरुमा सिंगो सत्तापक्ष कसरी एकीकृत धारणाका साथ अघि बढ्ने ? भन्नेबारेमा पनि छलफल भएको हो भने त्यसलाई सकारात्मक मान्नुपर्छ। संयुक्त सरकार भएको हुँदा न्युनतम साझा कार्यक्रम बनाएर जानुपर्छ । सरकार निर्माणताका भएको सात बुँदे सम्झौताअनुसार नै सरकारको न्युनतम साझा कार्यक्रम बन्न केही ढिलाइ भएको छासरकार बन्नु लगत्तै न्युनतम साझा कार्यक्रम आउनुपर्थ्यो।

यो सरकार निर्माणका केही समझदारीहरु पनि थिए। विशेष गरी नेपाली काँग्रेस र नेकपा एमालेको बीचमा ७ बुँदे समझदारी भएको थियो। त्यो समझदारीको जगबाट सरकार सञ्चालन गर्ने प्रतिवद्धता गरेका थिए। त्यसलाई मुर्तरुप दिन न्युनतम साझा कार्यक्रमको प्रक्रिया अघि बढाउन अब ढिलाइ गर्नुहुँदैन। सत्तारुढ दलले सत्तापक्षको बैठक हरेक साता गर्ने निर्णय पनि गरेका छन् । यो गर्नैपर्ने काम हो। कांग्रेस-एमालेले बल्ल न्यूनतम साझा कार्यक्रमको मस्यौदा तयार गर्न लागेका छन।त्यसलाई सबैसँग संवाद गरेर अघि बढाएर सरकारले काम गर्दैछ भन्ने सन्देश दिनु आवश्यक छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा सुधार | तुला | : मानसिक तनाब |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : शत्रुको भय |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : झमेला बड्ने |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : शारीरिक झमेला | मीन | : शुभ यात्रा |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# कार्यालय प्रमुखले मात्रै धानिएको कृषि सामग्री कम्पनी

**पोखरापत्र संवाददाता**
दमौली, २४ भदौं

तनहुँको व्यास नगरपालिका-३ तरकारी लाइनस्थित कृषि सामग्री कम्पनी लिमिटेड तनहुँ कार्यालय प्रमुखको भरमा चलेको छ । तीन जिल्ला कार्यक्षेत्र भएको कम्पनी शाखा प्रबन्धक दिनेश शर्माको भरमा चलेको छ।

कम्पनीमा दरबन्दीअनुसारको कर्मचारी नहुँदा एक्लै चलाउनुपर्दा समस्या भएको उहाँले बताउनुभयो । दुईजना श्रेणीविहीन कर्मचारीका भरमा आफू एक्लैले कार्यालय सञ्चालन गरिरहेको उहाँले सुनाउनुभयो। "कुल सातजनाको दरबन्दी रहेको कार्यालयमा चारजनाको दरबन्दी खाली छ", शर्माले भन्नुभयो, "विसं २०७६ देखि विज्ञापन रोकिँदा दरबन्दीको नयाँ कर्मचारी नआउने र भएका कर्मचारी अवकाश हुने भएकाले कार्यालय रित्तिँदै गएको हो ।" उहाँका अनुसार कार्यालयमा वरिष्ठ सहायक र सहायक दुई-दुईजना गरी चार दरबन्दी रिक्त छ।

एकजनाले मात्र कार्यालय सञ्चालन गर्नुपर्दा आफू कतै जाँदा निमित्त कार्यालय प्रमुखको जिम्मेवारीसमेत दिन नपाएको उहाँको गुनासो छ । बिदामा बस्नुपर्दा वा नियमित कार्यालय प्रमुखको बैठकमा जाँदा कार्यालय कर्मचारीविहीन हुने गरेको उहाँले बताउनुभयो ।

कार्यालयमा कर्मचारी पदपूर्तिका लागि कृषि सामग्री कम्पनी लिमिटेड प्रधान कार्यालयमा पटकपटक जानकारी गराए पनि पूरा हुन नसकेको उहाँको भनाइ छ। राजन न्यौपाने सरुवा भएर नवलपुरको कावासोती गएपछि आफू एक्लैले कार्यालयमा धान्नुपर्ने अवस्था आएको उहाँले बताउनुभयो । तनहुँ, लमजुङ र गोरखाका किसानलाई मलखाद बिक्री वितरण गर्दै आएको यस कार्यालयमा जनशक्ति अभावले सेवा प्रभावित हुँदै आएको छ । यस कम्पनीले तीन जिल्लामा दुई सय १९ वटा डिलरमार्फत किसानलाई मल बिक्री गर्दै आएको छ । विसं २०५२ र २०७३ मा विज्ञापन भई नियुक्त भएका बाहेक हालसम्म नयाँ कर्मचारी आएका छैनन् । विसं २०७६ मा भएको विज्ञापनउपर विवाद भई अदालतमा परेको मुद्दा हालसम्म कायमै छ । विज्ञापन विवादसम्बन्धी अदालतमा परेको मुद्दा विचाराधीन अवस्थामा रहेकाले थप जनशक्ति नियुक्ति प्रक्रिया अवरुद्ध भई दरबन्दीअनुसारको कर्मचारी कार्यालयमा व्यवस्थापन हुन नसकेको शाखा प्रबन्धक शर्माले बताउनुभयो।

# म्याद सकियो, आयोजना सम्पन्न भएन

**पोखरापत्र संवाददाता**
लमजुङ, २४ भदौं

सिउरी न्यादी हाइड्रो पावर कम्पनीद्वारा लमजुङको मर्स्याङ्दी गाउँपालिका-६ ङादीखोलामा निर्माणाधीन ४२ दशमलव ६० मेगावाटको सुपर न्यादी जलविद्युत् आयोजनाको म्याद सकिए पनि काम भने अझै सम्पन्न हुन सकेको छैन । आयोजनाको विद्युत् खरिदबिक्रीसम्झौता (पिपीए) अनुसार दुई वर्षभित्र अर्थात् (२०८१ असारभित्र) विद्युत् उत्पादन सुरु गरिसक्नुपर्ने थियो । तर अझै करिब २० प्रतिशत निर्माण कार्य बाँकी रहेको छ।

निर्धारित समयमा काम सम्पन्न हुन नसकेपछि एक वर्ष म्याद थप गर्दै आगामी २०८२ असार महिनासम्ममा आयोजनाको काम सम्पन्न गर्ने गरी अघि बढेको आयोजनाका प्रबन्धक निर्देशक दिनेश गुरुङले बताउनुभयो। उहाँले निर्धारित समयमा काम सम्पन्न गर्ने गरी अघि बढेको उक्त आयोजना कोरोना महामारीका कारण सम्पन्न गर्न समय लागेको बताउनुभयो। "एक दिनमा हुने काम सात दिन लाग्ने, सामग्री ढुवानी गर्न समस्या, कामदार आउन समस्या, २२० केभी प्रसारण लाईनको ट्रान्समिसन लाईन सम्पन्न नभएका कारणले निर्माणमा ढिलाइ भएको प्रबन्धक निर्देशक गुरुङले बताउनुभयो।

आयोजनाको विद्युत् गृह पुग्ने पहुँच सुरुङ मार्गको 'ब्रेक थ्रु' सम्पन भएको छ। विद्युत् गृह निर्माणका लागि ३८७ मिटर सुरुङ मार्ग निर्माण गर्ने, भूमिगत विद्युत् गृह खन्ने, सुरुङका लागि दुईवटा अडिट टनेलसहित पाँच सय मिटर खन्ने लगायतका काम सम्पन्न भइसकेका छन्। साथै बाँधसम्मको २२ किलोमिटर सडक निर्माण कार्य सम्पन्न भएको प्रबन्धक निर्देशक गुरुङले बताउनुभयो।

आगामी असोज १ गते ८ किलोमिटरको सुरुङ पनि ब्रेक थ्रू हुने तयारीमा रहेको छ। पेनस्टक र विद्युत् गृहको काम अन्तिम चरणमा पुगेको छ। जी एण्ड जी इन्फ्र प्राइभेट लिमिटेडले निर्माण गरिरहेको उक्त आयोजनामा एनएमबी बैंकको अगुवाइमा ६ वटा वित्तीय संस्थाले रु पाँच अर्ब २५ करोड ऋण लगानी गरेका छन् । प्रवर्द्धकको स्वपुँजी रु एक अर्ब ७५ करोड रहने छ । उक्त बैंक एवं वित्तीय संस्थाको ७५ प्रतिशत र प्रवर्द्धकको २५ प्रतिशत रहने आयोजनाले जनाएको छ। करिब रु सात अर्ब लागतमा निर्माणकार्य सम्पन्न गर्ने आयोजनाको लक्ष्य छ । समयमै सम्पन्न गर्ने लक्ष्यका साथ काम भइरहेको आयोजना प्रबन्ध निर्देशक गुरुङले बताउनुभयो । आयोजनाबाट उत्पादन हुने विद्युत्लाई विद्युत् गृहदेखि ११ किलोमिटर टाढाको टारीकुनामा निर्माण गरिने १३२ केभीप्रसारण लाइन खुदी सबस्टेसनमा जोडिने भएको छ। सबस्टेसनसम्मको प्रसारण लाइनमध्ये करिब ६ किलोमिटर आयोजनाले नै निर्माण गर्ने भएको छ । आयोजनाका अनुसार वर्षातको ६ महिना प्रतियुनिट ४ रुपैयाँ ८० पैसा र ६ महिनाको हिउँदयाममा आठ रुपैयाँ ४० पैसाको दरले विद्युत् खरिदबिक्री गर्ने भएको छ।

# संरक्षणको पर्खाइमा ऐतिहासिक स्थल लुमरेङकोट

**पोखरापत्र संवाददाता**
पर्वत, २४ भदौं

दक्षिण पर्वतको विहादी गाउँपालिकामा अवस्थित ऐतिहासिक महत्त्व बोकेको लुमरेङकोट संरक्षणको पर्खाइमा छ । ऐतिहासिक, धार्मिक र पर्यटकीय गन्तव्य बनाउन सकिने सम्भावना रहेको लुमरेङकोट प्रचारप्रसार, संरक्षण र पूर्वाधार अभावमा ओझेलमा परेको हो।

नेपाल एकीकरणपूर्व चौबीसे राज्यकालमा शक्तिशाली मानिने लुमरेङकोटमा अहिले पनि हातहतियारदेखि तरबारको आक्रमणबाट बच्न ढालका रूपमा प्रयोग हुने सामग्री रहेका छन् । ती ऐतिहासिक तथा पुरातात्विक सामग्री संरक्षण अभावमा हराउने खतरा बढेको छ। भुरे राजाको दरबार रहेको लुमरेङकोट बाइसे चौबीसेकालमा शक्तिशाली मानिन्थ्यो । यहाँ अहिले मन्दिर र सत्तल रहेको छ । सत्तलको एउटा दराजमा युद्धमा प्रयोग भएका दरबार, खुँडा, गैंडाको छालाबाट बनेका ढाल रहेका छन् । तर यी सामग्री रङरोगन गरिएकाले तिनको ऐतिहासिकता हराएको छ । कुनै-कुनै हतियारमा सन् १७३४ एडी लेखेको समेत भेटिएको स्थानीय अगुवा धनबहादुर थापाले बताउनुभो। पुरातात्विक महत्त्व बोकेका यस्ता सामग्री हराउन थालेपछिस्थानीयस्तरबाट संरक्षणको प्रयास थालिएको उहाँको भनाइ छ।

तत्कालीन समयमा लुमरेङकोटका राजा चन्द्र सिंह निकै पराक्रमी थिए । उनका छोरा चतुर सिंह र भानुप्रताप सिंह रहेका बेला कुनै राज्यले आक्रमण गरेर नियन्त्रणमा लिन नसकेको इतिहास छ । पैंयुकोटे राजाले जासुसी गरेर चन्द्र सिंहका छोरा विहादीको फाँटमा रोपाइँ गर्न गएको मौकामा लुमरेङकोटमा आक्रमण गरेका थिए । आक्रमणमा परेर चन्द्रसिंहको कोटमै मृत्यु भएको थियो भने एकजना छोराको बीच भागमा र अर्का एक जनाको रोपाइँ गर्ने स्थानमा मृत्यु भएको इतिहास भएको थापाले जानकारी दिनुभयो । रोपाइँका बेला बाजा बजाउन प्रयोग भएको दमाहा स्थानीय दमाई जातिको घरमा अझै भेटिन्छन्। त्यसपछि लुमरेङकोटको अस्तित्व समाप्त भएर पैंयुकोटमा सरेको थियो।

पर्वतको बिहादी, पैंयु गाउँपालिकाको अग्लो भूभागमा रहेको कोटबाट टाढा टाढाका दृश्य हेर्न सकिन्छ । यहाँ वनभोज खान विभिन्न ठाउँबाट मानिसहरु आउने गर्छन् । गत वर्ष यहाँबाट प्याराग्लाइडिङको सफल परीक्षणसमेत गरिएको छ। यसलाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न विहादी गाउँपालिकाका अध्यक्ष परविन गुरुङले बताउनुभयो। वनभोज र प्याराग्लाइडिङको गन्तव्य बनाउन गाउँपालिकाले प्रयास गरिरहेको उहाँले बताउनुभयो।

यहाँ रहेका ऐतिहासिक र पुरातात्विक महत्वका सामग्रीको संरक्षण गर्न पालिकाले काम गरिरहेको जनाएको छ। यसलाई धार्मिक, ऐतिहासिक र पर्यटकीय गन्तव्य बनाउने प्रयास भइरहेको अध्यक्ष गुरुङको भनाइ छ।

# सात महिनाअगावै लिदीखोलामा मोटरेबल पुल निर्माण

**पोखरापत्र संवाददाता**
पर्वत, २४ भदौं

यहाँको मोदी गाउँपालिका-६ तिलाहारस्थित लिदीखोलामा मोटरेबल पुल निर्माण भएको छ।

डिमुवा-राम्जा चित्रे सडकमा पर्ने लिदीखोला मोटरेबल पुल निर्धारित मितिभन्दा सात महिना अगावै निर्माण सम्पन्न भएको हो । पूर्वाधार विकास कार्यालयका अनुसार १८ महिनामा निर्माण सम्पन्न गर्नेगरी विसं २०८० असोज २२ गते ठेक्का सम्झौता भएको थियो । मोदी गाउँपालिका-६ र ८ को सिमानामा रहेको लिदीखोलामा 'सिङ्गल स्पान'को १५ मिटर लामो मोटरेबल पुल निर्माण गरिएको हो । रु दुई करोड ५३ लाख लागतमा निर्माण सम्पन्न पुल निर्माणको ठेक्का कस्तुरी कन्स्ट्रक्सनले पाएको थियो । यो पुलको भारवहन क्षमता ७० टन रहेको छ। अनुकूल मौसम, पर्याप्त जनशक्ति, निर्माण सामग्रीको सहज उपलब्धता र स्थानीयवासीको सहयोगका कारण निर्धारित समय अगावै निर्माण भएको निर्माण व्यवसायी चेतनारायण आचार्यले जानकारी दिनुभयो । उहाँका अनुसार पुल निर्माण सम्झौता आगामी फागुनसम्म रहेको थियो।

यो पुल निर्माणपछि मोदी गाउँपालिका-७ राम्जा, वडा नं ८ चित्रे तथा कुश्मा नगरपालिका-१४ आर्थरडाँडाखर्कका बासिन्दा लाभान्वित भएका छन् । पुल निर्माण भइ सवार ीसाधनसमेत सञ्चालन हुन थालिसकेको पूर्वाधार विकास कार्यालयका इन्जिनियर जिता गिरीले जानकारी दिनुभयो।

विगतमा वर्षायामको बेला खोलाबाट वारपार गर्न नसकेर यातायात सुविधाबाटै वञ्चित हुने गरेका त्यस क्षेत्रका बासिन्दा यस वर्षदेखि सहज रुपमा आवतजावत गर्न पाएको कार्यालयले जनाएको छ। स्थानीय सडक पुल कार्यक्रम 'एलआरबिपी' र प्रादेशिक सडक पुल सहयोग इकाई 'पिआरवी एसयु'को प्राविधिक सहयोगमा पुल निर्माण गरिएको हो। स्थानीय सडक पुल कार्यक्रमका 'टेक्निकल अफिसर' लोकेश राईले सबै अवस्था सहज भएकाले निर्धारित मिति अगावै पुल निर्माण भएको बताउनुभयो।

पर्वतमा गत आर्थिक वर्षमा योसँगै अन्य तीनवटा मोटरेवल पुल निर्माण सुरु भएका थिए। ती पुलहरु धमाधम निर्माण भइरहेको पूर्वाधार कार्यालयले जनाएको छ। कार्यालयका अनुसार दक्षिण पर्वतको पैंयु गाउँपालिकामा पर्ने सरौ-बालाकोट सडकअन्तर्गत छत्तिसेघाट मोटरेबल पुल निर्माण भइरहेको छ। रु चार करोड ४३ लाखको लागतमा निर्माणाधीन उक्त पुल २५ मिटर लामो हुने छ।

कुश्मा नगरपालिका-१० पिपलटारी र फलेवास नगरपालिका वडा नं ३ शङ्करपोखरी जोड्ने मल्याङ्दीखोला माथि पुल निर्माण भइरहेको छ । १६ मिटर लामो यो पुल रु चार करोडको लागतमा सम्पन्न हुने छ । यसैगरी, दक्षिण पर्वतको पैंयु गाउँपालिका-७ भोर्लेमा पनि भोर्ले खोला मोटरेबल पुल निर्माण सुरु भएको कार्यालयले जनाएको छ।

# मनास्लु क्षेत्र पुग्ने पर्यटकबाट गाउँपालिकाले पदयात्रा शुल्क उठाउने

**पोखरापत्र संवाददाता**
गोरखा, २४ भदौं

उत्तरी गोरखाको चुमनुब्री गाउँपालिकाले मनास्लु संरक्षण क्षेत्र पुग्ने पर्यटकबाट पदयात्रा शुल्क उठाउने भएको छ।

चुमनुब्री गाउँकार्यपालिका बैठकको निर्णय र चुमनुब्री गाउँपालिकाको आर्थिक ऐन (२०८१) बमोजिम मनास्लु संरक्षण क्षेत्रभित्र प्रवेश गर्ने विदेशी तथा स्वदेशी पर्यटकबाट पदयात्रा शुल्क लिने निर्णय गरेको गाउँपालिकाका अध्यक्ष निमा लामाले जानकारी दिनुभयो।

"पदयात्रा शुल्क उठाउने विषयमा पालिकाभित्रका जनप्रतिनिधि, राजनीतिक दल, पर्यटन व्यवसायी तथा सरोकारवालासँग गाउँपालिकाले छलफल गरिसकेको छ", उहाँले भन्नुभयो, "पदयात्रा शुल्क उठाउने सन्दर्भमा सर्वसम्मत निर्णय भएको छ ।" गाउँकार्यपालिका बैठक, चुमनुब्री गाउँपालिका आर्थिक ऐन (२०८१) एवं सर्वपक्षीय निर्णय बमोजिम गाउँपालिकाले पदयात्रा शुल्क उठाउन आवश्यक समन्वय तथा सहजीकरणका लागि पर्यटन विभागलाई पत्राचारसमेत गरिसकेको अध्यक्ष लामाले बताउनुभयो । राष्ट्रिय प्रकृति संरक्षण कोष तथा अध्यागमन विभागले उठाउने पदयात्रा शुल्क गाउँपालिकालाई बाँडफाँड नहुने भएकाले गाउँपालिकाले नै ऐन बनाएर पर्यटकबाट पदयात्रा शुल्क उठाउन लागेको हो।

"गाउँपालिकाको आन्तरिक स्रोत अत्यन्तै न्यून छ", उहाँले भन्नुभयो, "मनास्लु क्षेत्र पुग्ने पर्यटकबाट राष्ट्रिय प्रकृति संरक्षण कोष तथा अध्यागमन विभागले उठाउने शुल्क गाउँपालिकालाई बाँडफाँड नहुने भएकाले गाउँपालिका आफैले पदयात्रा शुल्क उठाउने निर्णय गरेको हो।" पदयात्रा शुल्क उठाउने निर्णय यही असोज १ गतेदेखि लागू हुने अध्यक्ष लामाले बताउनुभयो।

गाउँपालिकाले विदेशी पर्यटकबाट प्रतिव्यक्ति रु एक हजार र नेपाली पर्यटकबाट प्रतिव्यक्ति रु दुई सय पदयात्रा शुल्क लिने निर्णय गरेको छ । गाउँपालिकाले पदयात्रा शुल्कबाट प्राप्त हुने रकमले चुमनुब्री तथा मनास्लु संरक्षण क्षेत्रको वातावरण संरक्षण एवं पर्यटन प्रवर्द्धनमा खर्च गर्ने जनाएको छ।

"पर्यटकबाट पदयात्रा शुल्क उठाएर आम्दानीको स्रोतमात्र बढाउन खोजिएको होइन", अध्यक्ष लामाले भन्नुभयो, "मनास्लु संरक्षण क्षेत्रमा वातावरण संरक्षण र संवर्द्धनमा पर्याप्त ध्यान पुग्नसकेको छैन, स्थानीय सरकारले फोहर व्यवस्थापन र सरसफाइमा ध्यान दिन लागेको हो।"

# स्थानीय तहद्वारा ७२ किलोमिटर नयाँ 'ट्र्याक' विस्तार

**पोखरापत्र संवाददाता**
दमौली, २४ भदौं

जिल्लाका स्थानीय तहले सडक निर्माणलाई प्राथमिकता दिएका छन् । सडक कालोपत्र, 'ग्राभेल', कच्ची सडक निर्माण र 'ट्र्याक' खोल्ने कार्यलाई स्थानीय तहले प्राथमिकता दिएका हुन् ।

जिल्लाका स्थानीय तहले एक वर्षमा ७२.४१ किलोमिटर सडकको नयाँ ट्र्याक विस्तार गरिएको जनाएका छन् । व्यास नगरपालिकाले गत आवमा तीन दशमलव १९ किमी सडक कालोपत्र गरेको प्रमुख प्रशासकीय अधिकृत काशीराम गैरेले जानकारी दिनुभयो । उहाँका अनुसार हालसम्म नगरपालिकाले कुल एक सय एक किमी सडक कालोपत्र गरेको छ । गत आवमा नौ दशमलव ८६ किमी सडक ग्राभेल र १२.८४ किमी नयाँ ट्र्याक खोलिएको छ । गैरेका अनुसार हालसम्म एक सय ८४ किमी सडक ग्राभेल र पाँच सय ११ किमी नयाँ ट्र्याक खोलिएको छ ।

गैरेले भन्नुभयो, "पूर्वाधार विकासलाई नगरपालिकाले प्राथमिकताका साथ अगाडि बढाएको छ । जनताको माग र आवश्यकतालाई दृष्टिगत गरी विकास अभियान अगाडि बढेको हो ।" नगरपालिकाले गत आवमा एउटा पार्क, नौ दशमलव ९३ किमी ढल निर्माण गरेको छ । एक सय २९ परिवारमा खानेपानी सुविधा विस्तार भएको छ । योसँगै हालसम्म १९ हजार तीन सय ३६ परिवारमा खानेपानी सुविधा पुगेको गैरेले जानकारी दिनुभयो । "शून्य दशमलव ५५ किमी नदी नियन्त्रण, १४ हेक्टरमा सिँचाइ, एक स्वास्थ्य चौकी र आठ सामुदायिक भवन निर्माण भएका छन्", उहाँले भन्नुभयो ।

विश्व बैङ्कको लगानी एवं सहरी विकास मन्त्रालयको सहयोगमा पराशर मार्ग विस्तार निर्माण भइरहेको गैरेले बताउनुभयो । उहाँका अनुसार नगर विकास कोषको ऋण सहयोगमा व्यास-१० बैरेनीमा दुई सय ७१ रोपनी जग्गामा विकास आयोजनाले गति लिएको छ । भानु नगरपालिकाले गत आवमा छ सय ६० मिटर सडक कालोपत्र, १०.५ किमी ग्राभेल र एक दशमलव आठ किमी सडकको नयाँ ट्र्याक खोलेको छ । प्रमुख प्रशासकीय अधिकृत दिवाकर पौडेलका अनुसार हालसम्म नगरको बजेटबाट २०.६६ किमी कालोपत्र, १४६.५ किमी ग्राभेल र ३१.८ किमी नयाँ ट्र्याक खोलिएको छ ।

सोही वर्ष एक सय १० परिवारमा खानेपानी सुविधा विस्तार, एक हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा, दुई विद्यालय भवन, तीन स्वास्थ्य चौकी र १० वटा सामुदायिक भवन बनेका पौडेलले जानकारी दिनुभयो । भिमाद नगरपालिकाले दुई दशमलव तीन किमी सडक कालोपत्र, दुई दशमलव ११ किमी ग्राभेल र १३.७३ किमी बाटो विस्तार गरेको छ । नगरपालिकाका अधिकृत टेकावती ढकालका अनुसार दुई सय ९७ खानेपानी आयोजना, एक सय ८९ मिटर कुलो, एउटा पोखरी, एउटा स्वास्थ्य चौकी र १० वटा यात्रु प्रतीक्षालय निर्माण गरिएको छ । शुक्लागण्डकी नगरपालिकाले १०.८९ किमी सडक कालोपत्र, ८.९१ किमी ग्राभेल र १३.९४ किमी नयाँ ट्र्याक खुलेको छ । नगरभित्र हालसम्म ५५.२५ किमी कालोपत्र, ९५.४८ किमी ग्राभेल र ४८.७७ किमी नयाँ ट्र्याक खुलेको प्रमुख प्रशासकीय अधिकृत रामचन्द्र लामगादेले जानकारी दिनुभयो । उहाँका अनुसार २२ पक्की पुल, पाँच झोलुङ्गे पुल, चार पार्क निर्माण तथा दुई सय ६९ परिवारमा खानेपानी विस्तार भएको छ । म्याग्दे गाउँपालिकाले गत आवमा तीन दशमलव नौ किमी सडकको नयाँ ट्र्याक, चार दशमलव एक किमी ग्राभेल र एक सय ३८ मिटर कालोपत्र भएको प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार सो अवधिमा छ मोटरवेल पुल र एक झोलुङ्गे पुल, 'एक घरः एक धारा'अन्तर्गत चार सय ३० परिवारममा खानेपानी पुगेको छ । गाउँपालिकाले पोखरी र ल्यान्डफिल्ड साइट एक/एक र दुईवटा वातावरणमैत्री पार्क निर्माण गरेको छ । आँबुखैरेनी गाउँपालिकाले गत आवमा तीन दशमलव दुई किमी सडक ट्र्याक खोल्ने, एक दशमलव आठ किमी ढलान, एक किमी नदी नियन्त्रण, ४० हेक्टर सिँचाइ सुविधा विस्तार गरेको प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद शर्माले जानकारी दिनुभयो । सोही अवधिमा दुई विद्यालय भवन, तीन पोखरी, एक झोलुङ्गे पुल, तीन पार्क, तीन सय ३४ परिवारमा खानेपानी विस्तार भएको छ । देवघाट गाउँपालिकामा एक वर्षमा एक दशमलव एक किमी कालोपत्र, दुई किमी ग्राभेल र १० किमी नयाँ ट्र्याक खोलिएको, दुई मोटरेवल र तीन झोलुङ्गे पुल, दुई सय २० घरमा खानेपानी सुविधा पुगेको निमित्त प्रमुख प्रशासकीय अधिकृत गोविन्दप्रसाद पौडेलले बताउनुभयो । ऋषिङ गाउँपालिकामा सात किमी सडक कालोपत्र, दुई किमी ग्राभेल र पाँच किमी नयाँ ट्र्याक, तीन झोलुङ्गे पुल र एउटा पार्क निर्माण, एक सय ८० परिवारमा खानेपानी विस्तार भएको प्रमुख प्रशासकीय अधिकृत चिनबहादुर रानाभाटले जानकारी दिनुभयो । घिरिङ गाउँपालिकामा ०.३४ किमी सडक कालोपत्र, आठ किमी नयाँ ट्र्याक खुल्नाका साथै चार सय परिवारमा खानेपानी सुविधा विस्तार भएको प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद ढकालले उल्लेख गर्नुभयो ।

# डाँडाखेत-राहुघाट प्रसारण लाइन आयोजना: सकिनुपर्ने समयमा आधा काम

**पोखरापत्र संवाददाता**
म्याग्दी, २४ भदौं

नेपाल विद्युत् प्राधिकरणद्वारा म्याग्दीमा निर्माणाधीन एक सय ३२ केभी क्षमताको डाँडाखेत-राहुघाट प्रसारण लाइन आयोजनाको निर्माण सकिनुपर्ने अवधिमा ५० प्रतिशत भौतिक प्रगति भएको छ । निर्धारित ३० महिनामा काम सम्पन्न नभएपछि ठेकेदार भारतीय कम्पनी लार्सन एण्ड टियुब्रो (एलएनटी)सँगको सम्झौताको म्याद १५ महिना थपिएको छ ।

मालिका गाउँपालिका-७ डाँडाखेतबाट रघुगङ्गा गाउँपालिका-३ राहुघाटको अम्वाङ जोड्ने २५ किलोमिटर एक सय ३२ केभी क्षमताको प्रसारण लाइन र दुवै ठाउँमा सबस्टेशन निर्माणका लागि सन् २०२१ डिसेम्वर ३१ मा २६ मिलियन डलरमा ठेक्का सम्झौता भएको थियो । आयोजना प्रमुख रोशन अग्रवालले गत जुलाई १६ मा सकिएको ठेक्का सम्झौताको म्याद आगामी २०२५ को नोभेम्बर १६ सम्म थप भएको जानकारी दिनुभयो । "तीस महिनामा समग्रमा ५० प्रतिशतभन्दा बढी भौतिक प्रगति भएको छ", उहाँले भन्नुभयो, "राहुघाटमा कमजोर भूवनोट र विपद्को जोखिम, वन क्षेत्रमा टावर निर्माणका लागि अनुमति पाउन भएको ढिलाइ र केही टावर निर्माणस्थलमा समुदायको विवादका कारणले आयोजना निर्माण अवधि लम्बिएको हो ।" म्याग्दी र राहुघाट नदीमा निर्माणाधीन तथा निर्माणका क्रममा रहेका आयोजनाबाट उत्पादन हुने विद्युतलाई राष्ट्रिय प्रणालीमा आबद्ध गराउन एसियाली विकास बैंकको ऋणमा सबस्टेशन र प्रसारण लाइन निर्माण गर्न लागिएको हो । एक सय ३२/३३ केभी, ३० एमभिए क्षमता र एआइएस प्रविधिको उपकरण जडान गरिने डाँडाखेत सबस्टेशनको सिभिलतर्फको ६० प्रतिशत भौतिक प्रगति भएको छ । डाँडाखेतमा ५१ रोपनी जग्गा अधिग्रहण भएको थियो । भूमिगत पानी र पहिरो प्रभावित राहुघाटमा सबस्टेशनको डिजाइनमा समस्या भएकाले ठेक्का सम्झौताको २७ महिनापछि गत जेठदेखि नेपाली सहायक ठेकेदार डिएल स्ट्रक्चरले काम थालेको थियो । दुई सय २०/१३२/३३ केभी, २०० एमभिए क्षमताको उपकरण जडान हुने जिआइएस प्रविधिको राहुघाट सबस्टेशनमा उपकरण राख्ने र कार्यालयको भवन बनाउन जग्गाको प्लट बनाउने कामले बर्खायाममा पनि तीव्रता दिएको एनएलटीका आयोजना व्यवस्थापक सुवासचन्द्र शर्माले बताउनुभयो ।

"पक्की नाला बनाएर भूमिगत र सतहको पानीलाई व्यवस्थापन गरेर सबस्टेशनको संरचना बनाउन थालिएको हो", उहाँले भन्नुभयो, "सबस्टेशनमा जडान गर्ने उपकरण आयात भइसकेको छ ।" अम्बाङमा सबस्टेशन बनाउन पाँच वर्षअघि ९० रोपनी जग्गा अधिग्रहण भएको थियो । एक सय ३२ केभी क्षमताको डबल सर्किट प्रसारण लाइनको ८२ वटा टावरमध्ये हालसम्म ३० वटा निर्माण सकिएको र ४८ वटा निर्माणाधीन रहेका आयोजना प्रमुख अग्रवालले बताउनुभयो । रघुगङ्गा गाउँपालिकाको वडा नं ३, बेनी नगरपालिका-९, १०, मङ्गला गाउँपालिका-१, मालिकाको वडा नं ६ र ७ मा प्रसारण लाइनको टावर निर्माणस्थल हुन् । बेनी नगरपालिका-६ कोठेसाघुमा रहेको एनएलटीको प्रसारण लाइनको सामग्री भण्डारणस्थलमा भदौ ८ गते रातिको बाढीले क्षति पुर्‍याएको थियो । दुवै ठाउँमा यसअघि नै जग्गा व्यवस्थापन, घेराबार, पहुँचमार्गका साथै डाँडाखेतमा गार्ड र कर्मचारी आवासगृह भवन निर्माण भएको छ ।


## कर्जा भुक्तानी गर्न आउने बारेको ७ दिने सार्वजनिक सूचना

**(प्रकाशित मिति २०८१/०५/२५)**

तपसीलमा उल्लेखित तपाई ऋणीले यस सहकारी संस्थाबाट व्यक्तिगत कर्जा शीर्षक अर्न्तगत लिनुभएको ऋण कर्जाको समय समयमा बुझाउनुपर्ने साँवा, किस्ता व्याज रकम नबुझाई यस संस्थासंग गरेको सम्झौता बमोजिमका शर्त बन्देजहरु उल्लङ्घन गर्नुभएकाले संस्थाले कर्जा भुक्तानी गर्नका लागि ऋणी तथा व्यक्तिगत धनजमानी कर्ताहरुलाई पटक पटक मौखिक तथा लिखित रुपमा जानकारी तथा ताकेता गर्दा समेत कर्जा बुझाउने तर्फ कुनै चासो नदिनुभएकोले तपाईहरु तपसीलमा उल्लेखित ऋणी, धितो जमानीकर्ता एवम् व्यक्तिगत धनजमानी दिनेका नाममा कर्जा चुक्ता भुक्तानी गर्न आउने/लगाउने बारे यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस संस्थामा सम्पर्क राखी आफूले तिर्न बुझाउन बाँकी रहेको साँवा, व्याज तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्नुहोला । साथै धनजमानी तथा व्यक्तिगत धनजमानी दिनेले समेत सम्पूर्ण साँवा ब्याज तथा अन्य दै-दस्तुर समेत चुक्ता गर्न लगाउनु हुन यसै सूचनाबाट सूचित गरिन्छ । अन्यथा धितो सुरक्षण बापत तपाईले यस संस्थालाई लेखिदिएको धितो (सम्पत्ति) घर जग्गा जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७६, प्रचलित सहकारी मापदण्ड नीति नियम तथा कानुनको प्रयोग गरी धितोमा रहेको सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै उपयुक्त व्यवस्था गरी संस्थाले असुल उपर गरी लिने व्यवहोरा यसै सूचनाबाट सुचित गरिन्छ । कथमकदाचित धितो लेखिदिएको सम्पत्ति कच्चा ठहरिएमा वा कुनै कारणले लिलाम बिक्री हुन नसकेमा ऋणी तथा धनजमानीकर्ताको नाममा रहेको अन्य जायजेथा तथा घरघरानाबाट समेत असुल उपर गरिलिइने छ ।

| ऋणीको नाम थर ठेगाना | ऋणीको फोटो | जमानी बसेको नाम, थर ठेगाना | धितो सुरक्षण विवरण |
|---|---|---|---|
| १. नाम : सिल कुमारी गुरुङ<br>बाबुको नाम : जित बहादुर गुरुङ<br>बाजेको नाम : पुत्लीमान गुरुङ<br>ठेगाना : पो.म.न.पा.२७,कास्की<br>ना.प्र.नं. : २१७६, लमजुङ<br>जारी मिति : २०४५/०१/१७ |  | १) नाम : मोहन गुरुङ<br>बाबु : पेच बहादुर गुरुङ<br>बाजे : मोतीलाल गुरुङ<br>ठेगानाः पो.म.न.पा.२७, कास्की<br>ना.प्र.नं.: १०९४४३ कास्की<br>जारी मिति : २०५७/०७/०६ | सिल कुमारी गुरुङनाममा मालपोत कार्यालय कास्कीमा जग्गाधनी लालपूर्जा कायम रहेको पो.म.न.पा २७, अर्घौ स्थित कि.न. ३५४५ कुल क्षेत्रफल १३७/१० व.मी |
| २. नाम : शिवजी सुनार<br>बाबुको नामः मन बहादुर सुनार<br>बाजेको नामः भुवन सिं सुनार<br>ठेगानाः पो.म.न.पा.१६, अर्मला कास्की<br>ना.प्र.नं.: ४६१०१४/१२२६, कास्की<br>जारी मिति : २०६९/०१/२७ |  | १) नामः मन बहादुर सुनार<br>बाबुः भुवन सिं सुनार<br>बाजेः जर सिं सुनार<br>ठेगानाः पो.म.न.पा.१६, अर्मला कास्की<br>ना.प्र.नं.: २७९, कास्की<br>जारी मितिः २०४५।१०।२७<br>२) नाम भोज बहादुर सुनार<br>बाबुः भुवन सिं सुनार<br>बाजेः जर सिं सुनार<br>ठेगानाः पो.म.न.पा.१६, अर्मला कास्की<br>ना.प्र.नं.: २२८९, कास्की<br>जारी मितिः २०४८/१२/२१ | शिवजी सुनार नाममा मालपोत कार्यालय कास्कीमा जग्गाधनी लालपूर्जा कायम रहेको पो.म.न.पा १६, अर्मला स्थित कि.न. १४०१ र १४०२ कुल क्षेत्रफल ३६५६/५५, र १०१७/४८ व.मी. |

**नोटः** यस संस्थाबाट कर्जा लिई कर्जाको किस्ता ब्याज नियमित नबुझाउने अन्य ऋणीहरुलाई समेत यसै सूचनालाई आधारमानी भाखा नाघेको साँवा, ब्याज बुझाई कर्जा नियमित गर्नु गराउनु हुन यसै सूचनाद्धारा जानकारी गराईन्छ । अन्यथा यसै बमोजिम ऋणी धितो जमानी दिनेको तिनपुस्ते विवरण सहित राष्ट्रिय स्तरका पत्रपत्रिकामा सूचना प्रकाशित गरी संस्थाले असूल उपर प्रक्रिया अगाडि बढाउने व्यहोरा अवगत गराईन्छ ।

**विस्तृत जानकारीको लागि**
**कर्मशिल बचत तथा ऋण सहकारी संस्था लि.**
**पोखरा ८, सभागृहचोक**
**फोन नं. : ०६१-५८०७९६, ५४४७९५**


# पर्यटक पर्खिरहेको घलेगाउँ

**रासस**
लमजुङ, २४ भदौं



विविधताको खानी हो घलेगाउँ । शीरमा सुन्दर सेतो हिमाल । मध्य भागमा जङ्गल । अनि फेदमा घलेहरुको बाहुल्यता रहेको गाउँ । ऐतिहासिक तथा पर्यटकीय रुपमा महत्वपूर्ण मानिएको गाउँ हो यो । जिल्लाको उत्तरी क्षेत्र लमजुङ र अन्नपूर्ण हिमालको काखमा अवस्थित समुन्दी सतहदेखि दुई हजार सय मिटर उचाइमा अवस्थित घलेगाउँ क्व्होलासोथर गाउँपालिका -३ मा पर्दछ ।

यस गाउँमा जिल्लाभरमै सबैभन्दा बढी पर्यटक आउने गर्छन् । मुलुककै पहिलो स्मार्ट भिलेज, खुसी गाउँ र दक्षिण एसियाकै नमूना गाउँको रुपमा परिचित छ । जिल्लाका धेरै गुरुङ गाउँहरुले पर्यटकीय सम्भावना बोकेका छन । यीमध्ये घलेगाउँ फरक शैली र पर्यटन क्षेत्रमा फड्को मार्दै जिल्लाकै उदारणीय गाउँको रुपमा परिचित छ । यतिबेला यहाँका स्थानीय एवं घरबास (होमस्टे) सञ्चालकहरु पर्यटकको पखाईमा छन् । दैनिक दुई सय देखि तीन सय पर्यटक आगमन हुने यहाँ वर्खा लागेसँगै पर्यटकको आगमन ह्वात्तै घटेपछि सुनसान जस्तै बनेको छ । त्यसैले घरवास सञ्चालकहरु यतिबेला वर्खायाम सकिने क्रमसँगै पर्यटकको स्वागत, सत्कार गर्न आतुर भएका हुन् । ग्रामीण घलेगाउँ पर्यटन व्यवस्थापन समितिका कार्यालय सचिव तथा घरवास सञ्चालक दीर्घराज घलेले असार लागेसँगै पर्यटक नहुँदा सुनसान रहेको यस गाउँमा अब वर्खा सकिन लागेकाले मौसम सफा हुने, यहाँ आउने बाटोहरु सफा हुने भएकाले पर्यटक आउने बेला हुन लागेको बताउनुभयो । यहाँका घरवास सञ्चालकले यतिबेला सुत्ने कोठाहरु सफा गर्ने, पर्यटकका लागि आवश्यक सामग्री तयार गर्न थालेको उहाँको भनाइ छ । घरवास सञ्चालक हेमकुमारी गुरुङले भन्नुभयो, "वर्खा लागेर तीन महिना पर्यटक ठप्प जस्तै हुँदा दुई चार पैसासमेत आम्दानी छैन, अब वर्खा सकिन लाग्यो पर्यटक आउने र आम्दानी हुने पर्खाइमा छौं ।" यहाँका अधिकांश घरवास सञ्चालकको मुख्य आम्दानीको स्रोत नै पर्यटन हो । यहाँ पर्यटकीय सिजनमा प्रति घरवासले ५० हजारभन्दा बढी आम्दानी गर्छन् । पर्यटक नहुँदा फुर्सदिला बनेका घरवास सञ्चालक पर्यटक पर्खंदै उनीहरुका लागि आवश्यक अर्गानिक सामग्रीको तयारीमा व्यस्त छन् । गाउँमा आएका पर्यटकलाई स्थानीयले स्वागत, सम्मान र बिदाइमा सेतो टीका, फूलको माला, गुच्छा र खादा लगाइदिने गर्दछन् । अनि गुन्द्रुक, मकै भटमास, कोदोको सेलरोटी, चियालगायत परिकारहरु खुवाउँछन् । स्वागत र विभिन्न परिकारहरु पर्यटकलाई दिएपछि गुरुङ संस्कृतिको गीत तथा नाचहरु प्रस्तुत गरी पर्यटकलाई भरपूर मनोरञ्जन दिलाउँछन् । पर्यटकलाई घरमा लगेर गुरुङ संस्कारमा आधारित घाटु, कृष्ण चरित्र नाच, घ्याब्रे, लामा, सोरठीलगायतका परम्परागत नृत्यहरु प्रस्तुत गर्नु घलेगाउँवासीको परम्परा हो । यसबाट आफ्ना संस्कार र संस्कृतिको जर्गेना हुने र पर्यटकले यसबारे जानकारीसँगै मनोरञ्जन लिने गरेको पर्यटन व्यवस्थापन समिति, घलेगाउँका अध्यक्ष तथा क्व्होलासोथर गाउँपालिकाका पूर्वअध्यक्ष प्रेमबहादुर घलेले बताउनुभयो । पर्यटकको पर्खाइमा बसेका घलेगाउँबासीहरु पर्यटक आगमन हुँदा उत्साहित हुने उहाँको भनाई छ । घलेगाउँमा घरवासको क्षमताभन्दा बढी पर्यटक आउने बेलामा अन्य छिमेकी गाउँका घरवासमा पठाउने गरेको उहाँले जानकारी दिनुभयो । उक्त समितिका अनुसार विसं २०५७ बाट सञ्चालनमा आएको यस घरबासमा यतिबेला ४४ घरमा घरवास (होमस्टे) सञ्चालनमा छन् । एक रातमा तीन सय जना बास बस्ने क्षमता छ ।

साथै यहाँ दुई वटा होटल सञ्चालनमा छन् । घरवासमा पुगेका पर्यटकका लागि सत्कारसँगसँगै आफ्ना कला, भेषभूषा संस्कार, संस्कृति जोगाइ राख्न जुटेका उनीहरुको जातिय पहिचानसहित सांस्कृतिक नृत्य प्रस्तुत गर्ने गर्दछन् । विसं २०६२/६३ को जनआन्दोलनपछि देशमा गणतन्त्र स्थापना भएसँगै गठन भएको संयुक्त सरकारको परराष्ट्रमन्त्रीस्तरीय सार्क बैठकले नेपाल सरकारको पहलमा घलेगाउँलाई सार्क राष्ट्रकै नमूना ग्रामीण पर्यटन गाउँका रूपमा घोषणा गरेको थियो । स्मार्ट भिलेज तथा खुसी गाउँ घोषणा केही वर्षअघि भइसकेको छ । नेपाल आदिवासी जनजातिमध्ये गुरुङहरूको उद्गमथलो तथा घलेराजाले अन्तिम राज्य सञ्चालन भएको गाउँ हो यो । यस गाउँमा करिब एक सय ३५ घरधुरी छन् ।

यहाँबाट आठ हजार एक सय ६३ मिटर उचाइको मनास्लु हिमाल, सात हजार आठ सय ३५ मिटरमा रहेको डादीचुली (डा हर्क हिमाल), सात हजार नौ सय ३५ मिटर उचाइको अन्नपूर्ण हिमाल (दोस्रो), अन्नपूर्ण हिमाल (चौथो), छ हजार नौ सय ६३ मिटर उचाइको माछापुच्छ्रे हिमाल, सात हजार आठ सय ९३ मिटर उचाइको हिमालचुली, छ हजार नौ सय ८६ मिटर उचाइको लमजुङ हिमाल र छ हजार छ सय ७२ मिटर उचाइको बुद्ध हिमाल देखिन्छ । यहाँ अन्तिम घलेराजा ज्याल्बु रुजा क्लेको शालिकसमेत देख्न सकिन्छ । घलेगाउँमा प्रतिव्यक्ति एक रातको रु एक हजार दुई सय ५० शुल्क लिइन्छ । सो रकम तिरेबापत एक रात सुत्न तथा एकएक छाक मांसाहारी र शाकाहारी भोजन पाइन्छ । साथै बिहानको खाजामा चिया, कोदोको सेलरोटी, तरकारी र अण्डा पर्यटकले प्राप्त गर्छन् । घलेगाउँ काठमाडौंबाट तनहुँको डुम्रे बजार हुँदै बैंसीसहरसम्मको एक सय ७२ किमी र प्रदेश राजधानी पोखरादेखि बैंसीसहरसम्म एक सय १० किमीको दूरीमा रहेको छ । बैंसीसहरबाट घलेगाउँ पुग्न २४ किमी यात्रा गर्नुपर्छ ।